# चौतारा सागाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## चौतारा,सिन्धुपाल्चोक

बागमति प्रदेश ,नेपाल

## औषधि तथा औषधिजन्य सामान खरिदको लागि सिलबन्दि दरभाउ पत्र आव्हानको सूचना फाराम

सुचना प्रकाशित मिति :-२०७७/०६/०१

यस कार्यालयद्वारा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औ दिन (२०७७।०६।१५गते) सम्म रु.१०००।– (पछि फिर्ता नहुने गरी )जम्मा गरेको सक्कल रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयको नगर स्वास्थ्य शाखा वाट दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नका लागि निवेदकले कम्पनि दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न राखी फाराम दरभाउपत्र खरिद गर्न निवेदन पेश गर्नु पर्नेछ ।

### शिलबन्दि दरभाउपत्र सम्वन्धी सूचनाका शर्तहरु

१. शिलबन्दि दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन(२०७७।०६।१५गते) नवीकरणको म्याद समाप्त नभएको इजाजतपत्रहरु र आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत राखी निवेदन दिई यस कार्यालय वाट दरभाउपत्र खरीद गर्न सकिने छ ।

२. शिलबन्दि दरभाउपत्र साथ नेपाल वैंक लि. सिन्धुपाल्चोकमा रहेको यस कार्यालयको धरौटी खाता नं ०५७०३०००००००००००३८७ मा नगद रु.७५,०००।- जम्मा गरी त्यसको सक्कल वैंक भौचर वा सो वरावरको को वैंक जमानतपत्र साथ (१२० दिन सम्म म्याद भएको) सूचना प्रकाशित भएको मितिले १६औ दिन(२०७।०६।१६गते )दिनको ठिक १२:०० वजेसम्ममा दर्ता गराउनु पर्नेछ । सो दिन विदा परेमा सो को भोली पल्ट सोही समय भित्र दर्ता गराउनु पर्ने छ ।

३. शिलबन्दि दरभाउपत्रमा पेश गरेको मूल्य यस आर्थिक वर्ष भरिका लागि भएकोले सो अवधिमा कूनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

४. दर रेट प्रष्टसंग अंक र अक्षरमा लेखी पेश गर्नु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

५. शिलबन्दि दरभाउपत्र फाराममको दररेट स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई मात्र हुने छ ।

६. म्याद नाघी आएको वा रित नपुगेको शिलबन्दि दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको शिलबन्दि दरभाउपत्र सोही व्यक्ति वा फर्मवाट दाखिला गराउनु पर्नेछ ।

८. शिलबन्दि दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत र कार्यालयको छाप लगाएको शिलबन्दि दरभाउपत्र फाराम खरीद गर्नुपर्ने छ ।

९.व्यबसायीले आफूले पेश गरेको खाम वाहिर शिलबन्दि दरभाउपत्र खरिद गरेको कार्यालयको नाम तथा औषधि खरीद सम्वन्धी दरभाउपत्र भनी उल्लेख गर्नु पर्नेछ । साथै उक्त सिलवन्दी खाम वाहिर स्पष्ट रुपमा दरभाउपत्र दाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरी पेश गर्नुपर्नेछ ।

१०.स्वीकृत दरभाउपत्र दातासंग खरीद आदेश गरी माग गरेको सामान बढीमा १५ दिन भित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । यसरी समयभित्र दाखिला हुन नआई कार्यालयको काममा वाधा पर्न गएमा स्थानीय वजारवाट खरीद गरी सम्वन्धित दरभाउपत्र दाताले पाउने रकमवाट सो रकम कट्टी गरिने छ ।

११.औषधिहरु कार्यालय सम्म दाखिला गर्दा लाग्ने ढुवानी तथा अन्य नियमानुसार लाग्ने करहरु दरभाउपत्र दाताले तिर्नु पर्नेछ ।

१२. शिलबन्दि दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धिकर बाहेकको दर रेट पेश गर्नु पर्नेछ ।

१३ शिलबन्दि .दरभाउपत्र दाताले फारामको प्रत्येक पानाहरुमा नमेटिने मसीले सहीछाप गरी फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्ने छ ।

१४.शिलबन्दि दरभाउपत्र दाखिला हुने अन्तिम दिन(२०७७।०६।१६गते)दिनको२:०० वजे कार्यालयका प्रतिनिधि तथा ठेकेदार वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभएपनि शिलबन्दि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सो दिन विदा परेमा भोलीपल्ट सोही समयमा खोलिने छ ।

१५.अन्य थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१६. प्रत्येक दरभाउपत्र दाताले फाराममा उल्लेखित शर्तको पूर्ण रुपले पालना गर्नुपर्नेछ । उपलव्ध गराउन भनिएको विवरण अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

१७. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अंकको ५%(पाँच प्रतिशत) ले हुन आउने रकम बराबरको बैंक जमानत (परफरमेन्स वण्ड) वा नगद धरौटी माथि उल्लेखित खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्नेछ ।

१८.यस शर्तमा उल्लेख भएको वुँदाहरुको हकमा उल्लेख भए वमोजिम हुने छ र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ मा व्यवस्था भए वमोजिम तथा प्रचलित कानुन अनुसार हुनेछ ।

औषधि तथा औषधिजन्य सामान खरिद कार्यको बिबरण

| सि.नं. | विवरण | बजेट रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | औषधि तथा औषधिजन्य सामान खरिद कार्य | २९,९०,०००।- | ७५,०००।- | मु.अ.कर समेत |